# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः २५ जनवरी २०२६
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले सरकारले देश तथा विदेशमा युवाहरुकालागि नयाँ अवसरहरु सृजित गर्नकालागि लगातार कोशिश गरिरहेको बताउनुभएको छ।
- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर. सित संबंधित प्रशासनिक उपाय कड़ा गरिएको छ।
- सिलगढ़ीमा लगातार सड़क दुर्घटना अनि मृत्युदरमा भइरहेको वृद्धिलाई ध्यानमा राख्दै सिलगड़ी मेट्रोपोलिटन पुलिसले आज देखि शहरमा तीनवटा नयाँ ट्रैफिक नियम लागू गरेको छ।
- १९ औ सुकना गोल्ड कप लेजेन्ड्स फुटबल कल्बले जित्न सफल बनेको छ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले देशवासीहरुसित, विशेषगरी उद्योग अनि स्टार्टअप उद्यमहरुमा लागि परेका युवाहरुसित, गुणवत्तामाथि जोड़ दिने अपील गर्नुभएको छ। आकाशवाणीबाट मन की बात कार्यक्रममा आफ्नो विचारहरु साझा गर्नुहुँदै श्री मोदीले भारतको अर्थव्यवस्था तिव्र गतिमा विकसित भइरहेको बताउनुभएको छ। उहाँले आजको दिन मनाइने राष्ट्रीय मतदाता दिवस लोकतंत्रको आत्मा रहेको बताउनुभयो। श्री मोदीले युवाहरुसित 18 वर्ष पुरा गरेमा मतदाताको रूप मा पंजीकृत हुने आग्रह पनि गर्नुभयो। उहाँले मलेशिया-इंडिया हेरिटेज सोसायटीले गत महीना लाल पाड़ साड़ी नामको एक अनौठो वॉकको आयोजन गरेको पनि बताउनुभयो। यस साड़ीको बंगालको संस्कृतिसित विशेष जुड़ाव रहेको प्रधानमंत्रीले बताउनुभयो। प्रधान मंत्रीले राज्यको पूर्वी मेदिनीपुरमा फरीदपुर को विवेकानंद लोक शिक्षा निकेतनको उल्लेख गर्नुभयो। यस शिक्षा निकेतनले गत चार दशकदेखि नानीहरु अनि वृद्धहरुको हेरचाह गरिरहेको श्री मोदीले बताउनुभयो। उहाँले भन्नुभयो गुरुकुल प्रणालीको माध्यमबाट शिक्षा उपलब्ध गराउन अनि शिक्षकहरुलाई प्रशिक्षित गर्न साथै यो संगठन समाज कल्याणको अनेक कार्यहरुमा लागि परेको छ। प्रधान मंत्रीले राज्यको कूच बिहारको एक युवक बिनॉय दासको पनि सराहना गर्नुभयो, जसले जिलालाई हरित जिला बनाउनकालागि एक्लै प्रयास गरिरहेको छ। श्री मोदीले एक पेड़ मां के नाम अभियान अन्तर्गत देश मा हाल सम्म दुइ सय करोड़ भन्दा अधिक विरुवाहरु लगाइएको पनि बताउनुभएको छ।

**पश्चिम बंगाल-रोजगार मेला**

प्रधानमंत्री नरेंद्र मोदीले आज उहाँको सरकारले देश तथा विदेशमा युवाहरुका लागि नयाँ अवसरहरु सृजित गर्नका लागि लगातार कोशिश गरिरहेको बताउनुभएको छ। नयाँ दिल्लीबाट वर्चुअल माध्यमले 18 औ राष्ट्रीय रोजगार मेलालाई सम्बोधन गर्नुहुँदै प्रधानमंत्रीले भारतले कार्यबलको लागि वैश्विक संभावनाहरुलाई बढ़ाउनको निम्ति धेरै देशसित विभिन्न व्यापार अनि रोजगार समझौताहरु गरिरहेको बताउनुभयो। यो भर्ती अभियान देश भरीमा 45 स्थानहरुमा आयोजित गरिएको थियो, जसमा सिलगड़ीमा राधबाड़ी BSF कैंप अनि उत्तर 24 परगनामा मध्यम ग्राम शामेल छन्। सिलगड़ीमा केंद्रीय राज्य मंत्री सुकांत मजूमदारले 2 सय 67 उम्मीदवारहरुलाई नियुक्ति पत्र सुम्पिनु भयो अनि केंद्र सरकारले पूर्ण पारदर्शितासित अलग-अलग विभागहरुमा भर्तिहरु गरिरहेको कुरो माथि जोड़ दिनुभयो।

**पश्चिम बंगाल-एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एस.आई.आर. सित संबंधित प्रशासनिक उपाय कड़ा गरिएको छ। कोलकातामा मुख्य चुनाव अधिकारी कार्यालयले सबै जिला चुनाव अधिकारीहरुलाई सुनवाईको अवधि गरिएको एस.आई. आर. सित संबंधित सबै रिपोर्ट अनि दस्तावेज निर्वाचन आयोगको ई.सी.आई. नेट पोर्टलमा त्यसै दिन अपलोड गर्ने निर्देश दिएको छ। यी निर्देशहरुमा कुनै पनि लापरवाही विरुद्ध कड़ा कार्यवाही गरिने पनि स्टष्ट गरिएको छ। मुख्य चुनाव अधिकारी कार्यालयबाट जारी पत्र अनुसार, गलत प्रविष्टिहरु अनि विसंगतीहरुसित संबंधित अधिक्तर मामलाहरुको सुनवाई अघिबाटे पुरा गरिसकिएको छ।

तर यी सुनवाईको निस्तारणसित संबंधित जानकारी अनि दस्तावेज पोर्टलमा अपलोड़ गरिएको छैन। यसलाई ध्यानमा राख्दै सबै निर्वाचन पंजीकरण अधिकारीहरु अनि सहायक निर्वाचन पंजीकरण अधिकारीहरुलाई कुनै विलम्भ बिना ताजा जानकारी अपलोड गरिने स्पष्ट निर्देश दिइएको छ।

**संडे ऑन साइकिल**

फिट इंडिया संडे ऑन साइकिल अभियान एवं आगामी गणतंत्र दिवसको अवसरमा सशस्त्र सीमा बल (एसएसबी) का सीमांत मुख्यालय सिलगड़ी अनि 41 औ वाहिनी एसएसबी, रानीडंगाको संयुक्त तत्वावधानमा आज एक विशाल साइकिल रैलीको आयोजन गरियो। एसएसबीका महानिरीक्षकले हरियो झण्डा देखाएर साइकिल रैलीलाई प्रस्थान गराउनुभयो। देशभक्तिको जोश, नारा अनि गीतहरुको साथमा यो रैली 41 औ वाहिनी मुख्यालयदेखि मेडिकल मोड़ हुँदै डेसुन अस्पताल सम्म पुगेर पुनः रानीडंगा कैंप फर्किएर संपन्न भयो। यस अवसरमा एसएसबीका महानिरीक्षक वंदन सक्सेनाले उपस्थित अधिकारीहरु, जवान एवं प्रतिभागीहरुलाई संबोधन गर्नुहुँदै युवा कार्यक्रम एवं खेल मंत्रालयको पहल फिट इंडिया संडे ऑन साइकिल अभियानले, आज एक जन-आंदोलनको रूप लिइसकेको बताउनुभयो।

**सिलगढ़ी-ट्राफिक नियम**

सिलगढ़ीमा लगातार सड़क दुर्घटना अनि मृत्यु दरमा भइरहेको वृद्धिलाई ध्यानमा राख्दै सिलगड़ी मेट्रोपोलिटन पुलिसले आज देखि शहरमा तीनवटा नयाँ ट्रैफिक नियम लागू गरेको छ। ट्रैफिक डीसीपी काजी शमसुद्दीन अहमदले हिज बेलुकी पत्रकार वार्तामा यो जानकारी दिनुभएको हो। उहाँले भन्नुभयो यस विषयमा समीक्षा पछि यो नियम ईस्टर्न बाईपास अनि शहरका प्रमुख मार्गहरुमा लागू गरिएको छ। मुख्य नियम अनुसार, भारी मालवाहक वाहन अब केवल राती नौ बजे पछि मात्र चल्न सक्नेछ। ईस्टर्न बाईपासमा मालवाहक वाहनहरुको आवाजाही माथि समयबद्ध प्रतिबंध लगाइएको छ। यहां राती दस बजे देखि बिहान आठ बजे सम्म ट्रकहरुलाई चल्ने अनुमति हुनेछ, जबकि दिउँसो तीन बजेदेखि राती नौ बजे सम्म पूर्ण प्रतिबंध रहनेछ। सिलगड़ी शहर भित्र डंपर अनि अन्य भारी वाहनहरु दिन अनि बेलुकीको समय आवाजाही माथि रोक लगाइएको छ। यस बाहेक शहरका धैरै प्रमुख मार्गहरुमा बिहान आठ बजेदेखि राती दस बजेसम्म मालवाहक ट्रकहरुमाथि प्रतिबंध रहनेछ। बाहिरका तथा पहाड़ जाने मालवाहक वाहनहरुका लागि वैकल्पिक मार्गहरु तय गरिएको छ। पुलिस प्रशासनले मानिसहरुसित नयाँ ट्रैफिक नियमहरुको पालन गर्ने अपील पनि गरेको छ।

**तामांग-अधिवेशन**

अखिल भारतीय तामाङ बौद्ध सङ्घको आयोजनामा प्रत्येक वर्ष सम्पन्न गरिने वार्षिक अधिवेशन यस वर्ष स्थानीय लेबोङ स्थित खेल मैदानमा आजदेखि प्रारम्भ भयो। भोलि 26 जनवरीको दिनसम्म सन्चालन हुने यस तीन दिवसीय अधिवेशनको निम्ति निकै अघिदेखि यारी चलिरहेको थियो। विभिन्न स्थान र विविध पदमा आसीन विशिष्ट अनि गण्यमान्य व्यक्तिहरू अतिथिको रूपमा उपस्थिति रहने यस अधिवेशनमा तामाङ समुदाय आधारित विभिन्न कार्यक्रमहरू रहने छ भनी आयोजक समितिले अघिबाटै जनाइसकेका छन्।

**गोल्ड कप-सुकना**

सुकना गेम्स एण्ड स्पोटर्स एसोसिएशन अनि जीटीएको युवा मामला अनि खेल विभागको संयुक्त तत्वावधानमा आज नारायणा सुकना गोल्ड कपको १९ औ संस्करणको फाइनल खेल सम्पन्न भएको छ। रोल्लिंग कल्ब धुलाबारी (नेपाल) अनि लेजेन्ड्स फुटबल कल्ब बीच भएको फाइनल खेलमा, लेजेन्ड्स फुटबल कल्बले रोल्लिंग कल्ब धुलाबारीलाई शून्यको विरुद्ध १ गोल गरेर पराजित गरेको छ। यसको साथै फाइनल खेलमा विजेता दल लेजेन्ड्स फुटबल कल्बले ३ लाख रुपियाँ नगद राशि अनि ट्रफी जित्न सफल बनेको छ भने उपविजेता दल रोल्लिंग कल्ब धुलाबारीले २ लाख रुपियाँ जितेको छ।

****** ० ******